म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ११६ २०७९ चैत ६ गते सोमबार 20 March 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

• विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचारसंहिता, २०७९ को पालना गरौं ।

• विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## स्ववियु निर्वाचन-२०७९

# मकवानपुरका छ वटा क्याम्पसमा अखिल

समाज संवाददाता

हेटौंडाः त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसमा आइतबार निर्वाचन भएको छ। मकवानपुर जिल्लाका ८ मध्ये ७ क्याम्पसमा आइतबार मतदान भए । मतदान भएका मध्ये ५ वटा क्याम्पसको नतीजा आइतबार अबेर राती सार्वजनिक भएको छ। जसमा पाँचै वटा क्याम्पसमा अखिल विजयी भएको छ ।

हेटौंडा-४ स्थित हेटौंडा क्याम्पस र हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसमा नेकपा एमाले निकट अखिल नेतृत्वको प्यानल विजयी भएको छ भने हेटौंडा-६, चौघडास्थित बंशगोपाल बहुमुखी क्याम्पस र मनहरी गाउँपालिकास्थित मनहरी बहुमुखी क्याम्पसमा नेकपा एकीकृत समाजवादी निकट अनेरास्ववियू नेतृत्वको प्यानल विजयी भएको हेटौंडा-१६, हटियास्थित हटिया-जनप्रिय बहुमुखी क्याम्पसमा विप्लव नेतृत्वको अनेरास्ववियु क्रान्तिकारी विप्लव नेतृत्वको प्यानल विजयी भएको छ । थाहा नगर पालिकास्थित पालुङ बहुमुखी क्याम्पसमा नेकपा माओवादी केन्द्र निकट अनेरास्ववियु (क्रान्तिकारी) का उम्मेदवारको नेतृत्वमा सर्वसम्मत स्ववियु निर्वाचित भइसकेको छ। मकवानपुर बहुमखी क्याम्पस र वन विज्ञान क्याम्पसमा भने आइतबार अबेर रातीसम्म पनि मतगणना जारी थियो ।

### हेटौंडा क्याम्पसमा मैनाली विजयी

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को अध्यक्षमा अभि मैनाली निर्वाचित भएका छन्। आइतबार भएको निर्वाचनमा नेपाल विद्यार्थी संघका उम्मेदवार राजिव फुयाँललाई पराजित गर्दै अनेरास्ववियुका मैनाली अध्यक्षमा निर्वाचित भएका हुन् । स्ववियुमा मैनालीको प्यानलै विजयी भएको छ ।

८ सय ९७ मतदाता रहेको हेटौंडा क्याम्पसमा ४ सय ७७ मत खसेको थियो । अध्यक्षमा विजयी मैनालीले २ सय ९० मत पाउँदा पराजित उम्मेदवार फुयाँलले १ सय ८५ मत पाए। सचिवमा अनेरास्ववियुका अन्जान खड्काले २ सय ७२ मत पाउँदा नेविसंघका युवराज बिकले १ सय ९४ मत पाए । कोषाध्यक्षमा अनेरास्ववियुकी अविना खड्काले २ सय ७० मत पाउँदा नेविसंघकी ज्योति पुडासैनीले १ सय ९६ मत पाइन् । सदस्यमा तिलकबहादुर पाखिन, गणेश तिमल्सिना, नवीन कुमार चौधरी, भर तमोहन देवकोटा र रञ्जिता फुयाँल निर्वाचित भएका छन्।

### निर्मल बहुमुखी क्याम्पसमा सरोज विजयी

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसमा अनेरास्ववियुका सरोज अर्याल विजयी भएका छन्। अर्यालले १ सय ३२ मतसहित स्ववियु अध्यक्ष निर्वाचित हुँदा अध्यक्ष पदका अर्का आकांक्षी अनेरास्ववियु (क्रान्तिकारी) का जयबहादुर रोक्का ५२ महसहित पराजित भए ।

स्ववियुमा अर्यालकै प्यानल विजयी भएको छ । सचिवमा सुसन पौडेल १



मकवानपुर बहुमुखी क्याम्पसमा मतदान गर्दै एक विद्यार्थी ।

सय २६ मतसहित विजयी हुँदा सहदेव गोले ६० मतसहित पराजित भए । कोषाध्यक्षमा १ सय २८ मतसहित सूर्य बल विजयी हुँदा ५७ मतसहित सुदीप उप्रेती पराजित भए । सदस्यमा महेश कुमार सापकोटा (१३७ मत), सुनिता बल (१३७ मत), प्रमिला चौलागाई (१३३ मत), मीरा बिसङ्के (१२५ मत) र केपाश प्रजा (११६ मत) विजयी भएका छन् । समानुपातिकतर्फ १ सय ३१ मत अनेरास्ववियुले प्राप्त गर्दा ५६ मत अनेरास्ववियु (क्रान्तिकारी) ले पाएको छ । निर्मल बहुमुखी क्याम्पसमा २ सय १० जना मतदाता रहेकोमा १ सय ८८ मत खसेको थियो ।

### मनहरी बहुमुखी क्याम्पसमा कुमार विजयी

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिकास्थित मनहरी बहुमुखी क्याम्पसमा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा स्ववियु अध्यक्षमा कुमार घिसिङ विजयी भएका छन्। आइतबार सम्पन्न निर्वाचनमा २९ मतसहित कुमार घिसिङ विजयी भएका हुन् । अध्यक्षका अर्का आकांक्षी नेपाल विद्यार्थी संघका किशोर लम्सालले २७ मत पाए ।

मनहरी बहुमुखी क्याम्पसको स्ववियु सचिवमा नेपाल विद्यार्थी संघका गेमराज थिङ निर्विरोध निर्वाचित भएका छन् भने कोषाध्यषमा प्रविण रुम्बा ३१ मतसहित विजयी भएका छन्। कोषाध्यक्षका अर्का आकांक्षी अरुणा सापकोटाले २२ मत मात्रै प्राप्त गरिन् । सदस्यमा माधवप्रसाद अधिकारी (३४ मत), सीता सापकोटा (३२ मत) र प्रशान्त सुवेदी (२७ मत) निर्वाचित भएका छन् । ६० मतदाता रहेको मनहरी बहुमुखी क्याम्पसमा ५६ मत खसेको थियो ।

### बंशगोपालमा दिवसको प्यानल विजयी

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन अन्तर्गत हेटौंडा-६, चौघडास्थित बशंगोपाल बहुमुखी क्याम्पसमा अनेरास्ववियूको प्यानलै विजयी भएको छ। आइतबार दिउँसो सार्वजनिक अन्तिम मत परिणाम अनुसार अनेरास्ववियूका दिवस सिलवालको प्यानल विजयी भएको क्याम्पसका निर्वाचन अधिकृत विश्वराज राईले जानकारी दिनुभयो ।

अनेरास्ववियूका उम्मेदवार सिलवालले प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातान्त्रिक

विद्यार्थी संगठनका मोनिका गौतमलाई दोब्बर मतले पराजित गरेको छ । सिलवालले १८ मत प्राप्त गर्दै विजयी भएको हो भने गौतमले ९ मत मात्र प्राप्त गरेका छन् । सचिवमा प्रतिमा लामिछानेले २० मत प्राप्त गर्दै विजयी हुँदा प्रतिद्वन्द्वी सुवास राईले ७ मत मात्र प्राप्त गरे । कोषाध्यक्षमा रुपा राई १७ मतसहित विजयी भएको छ भने प्रतिद्वन्द्वी अन्जु राईले १० मत मात्र प्राप्त गरेका छन् । यस्तै सदस्यमा सपना राउत २३ मत र सुजन गोल १७ मतसहित विजयी भएका छन् । ३० जना मतदाता रहेको क्याम्पसमा २७ मत खसेको थियो ।

### हटिया-जनप्रियमा मुना गोले विजयी

हेटौंडाः हेटौंडा-१६, हटियास्थित हटिया-जनप्रिय बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्षमा मुना गोले निर्वाचित भएकी छिन् । आइतबार सम्पन्न निर्वाचनबाट मुना गोलेको प्यानलै विजयी भएको हो ।

स्ववियु सचिवमा पुष्पा वास्तोला, कोषाध्यक्षमा नमुना पोखरेल, सदस्यमा मेनुका दहाल, पवित्रा अधिकारी र विनिता तिमल्सिना निर्वाचित हुनुभएको छ ।

### हटिया-जनप्रियमा मुना गोलेको प्यानल विजयी

हेटौंडाः हेटौंडा-१६, हटियास्थित हटिया-जनप्रिय बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्षमा मुना गोले निर्वाचित भएकी छिन् । आइतबार सम्पन्न निर्वाचनबाट अखिल (क्रान्तिकारी) की मुना गोलेको प्यानलै विजयी भएको क्याम्पसका निर्वाचन अधिकृत विष्णुहरि गौतमले जानकारी दिनुभयो ।

गोले २७ मत प्राप्त गरी विजयी

हुँदा प्रतिद्वन्द्वी नेपाल विद्यार्थी संघका सुजन धिमालले २१ मत प्राप्त गरे । सचिवमा पुष्पा बास्तोलाले ३६ मत प्राप्त गरी विजयी हुँदा प्रतिद्वन्द्वी नेविसंघका रविना चौलागाईंले १२ मत प्राप्त गरिन् । कोषाध्यक्षमा नमुना पोखरेलले ३४ मत प्राप्त गरी विजयी हुँदा प्रतिद्वन्द्वी विजेता फुयाँलले १५ मत प्राप्त गरिन् ।

सदस्यमा मेनुका दहाल, पवित्रा अधिकारी र विनिता तिमल्सिना निर्वाचित हुनुभएको छ । ५६ मतदाता रहेको क्याम्पसमा ४९ मतमात्र खसेको थियो । समानुपातिकमा अखिल क्रान्तिकारीले २७ मत प्राप्त गरेको छ भने नेविसंघले २२ मत पाएको छ ।

# ‘मतदान गर्न पाउँदा खुशी लाग्यो’

समाज संवाददाता

हेटौंडाः देशभर त्रिभुवन विश्वविद्यालय अन्तर्गत्का क्याम्पसहरुमा आइतबार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन सम्पन्न भएको छ । मकवानपुर जिल्लामा पनि ७ वटा क्याम्पसमा स्ववियु निर्वाचनअन्तर्गत् आइतबार मतदान सम्पन्न भएको हो ।

स्ववियु निर्वाचनमा मतदान गर्न पाउँदा विद्यार्थीहरुले रमाइलो लागेको भन्दै खुशी व्यक्त गरेका छन्। हेटौंडा क्याम्पसमा बीएड प्रथम वर्षमा अध्यनरत विद्यार्थी आयुशा ढुंगानाले मतदान गर्न पाउँदा खुशी लागेको बताउनुभएको छ ।

यसै वर्ष सम्पन्न स्थानीय तह र प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा पनि मतदान गरेको भन्दै अहिलेको मतदान फरक पाएको ढुंगानाले बताउनुभयो। अन्य निर्वाचनमा उम्मेदवारहरु नचिनेको हुने तर यस निर्वाचनमा आफ्नै साथीहरु उम्मेदवार रहेकाले फरक अनुभूति भएको बताउनुभयो ।

मकवानपुर बहुमखी क्याम्पसमा बाणिज्य संकायको दोस्रो वर्षमा अध्यनरत कमला तितुङले विगतको निर्वाचन भन्दा यस निर्वाचन फरक रहेको बताउनुभयो। क्याम्पसमा आफूले पहिलो पटक मतदान गरेको उहाँले जानकारी दिनुभयो। ‘मतदान त गरेँ’, तितुङले भन्नुभयो– ‘जितेपछि उनीहरुले अहिले भनेको जस्तो काम गर्दैनन् कि भन्ने चिन्ता छ।’

हेटौंडा क्याम्पसमा बीएड प्रथम वर्षमा अध्यनरत विद्यार्थी रियाशा सुवेदीले आफूले मतदान गर्न पाउँदा खुशी लागेको विचार व्यक्त गर्नुभयो । आफूले पहिलो पटक मतदान गर्ने अवसर मिलेको भन्दै आफ्नै साथीहरुलाई मतदान गर्न पाएकोमा खुशी लागेको उहाँले बताउनुभयो। आफूले मतदान गरेकाले जितेर क्याम्पसका लागि राम्रो काम गर्ने उहाँको विश्वास रहेको छ । मकवानपुर बहुमखी क्याम्पसमा मानवशास्त्र अध्यनरत श्रमित खनालले निर्वाचनमा आफूले पहिलो पटक मतदान गरेको र रमाइलो अनुभव भएको बताउनुभयो । पहिलो पटक निर्वाचनमा मतदान गर्न पाउँदा खुशी लागेको खनालले बताउनुभयो ।

हार्दिक आभार



अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता-२०७९ सफलतापूर्वक आयोजना गर्न बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद्, हेटौंडा उपमहानगर पालिकासहित नागरिकस्तरबाट प्राप्त सहयोग, देशभरबाट सहभागी हुन आउनुभएका युवा खेलाडी, जज-रेफ्रि, नेपाल बक्सिङ संघका पदाधिकारी, खेलप्रेमी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं । साथै आगामी दिनमा पनि बक्सिङ खेलको विकासमा सरोकारवालाको साथ र सहयोगमा उल्लेखनीय कार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

दीपेश जोशी, अध्यक्ष
एवम् मकवानपुर जिल्ला बक्सिङ संघ परिवार
हेटौंडा, मकवानपुर



# सम्पादकीय

## परीक्षादेखि नडराऔं

अहिले विद्यालय तहको वार्षिक परीक्षा धमाधम भइरहेको छ । मकवानपुर जिल्लाका ३ वटा पालिकामा वार्षिक परीक्षा सुरु भइसकेको छ भने अन्य पालिकाहरुमा पनि बिहीबारसम्म वार्षिक परीक्षा सुरु भइसक्नेछ । राष्ट्रिय परीक्षा बोर्डले आगामी चैत १८ गतेदेखि एसईई परीक्षा सञ्चालन गर्ने भएकाले त्यसअघि नै जिल्लाका सबै पालिकामा विद्यालय तहको वार्षिक परीक्षा सम्पन्न हुनेछन् । एसईई परीक्षा केन्द्र परेका विद्यालयहरुमा विद्यालय तहको अन्य कक्षाका परीक्षा सञ्चालन गर्न कठिनाई हुने भएकाले त्यसअघि नै अन्य कक्षाको वार्षिक परीक्षा सम्पन्न गर्नेगरी परीक्षा सञ्चालन हुने भएका छन् । विगतमा एसईई परीक्षासँगै सञ्चालन गर्ने गरिएको आधारभूत तह (कक्षा–८) उत्तीर्ण परीक्षा पनि यस वर्ष एसईई अगाडि नै सञ्चालन गरिएको छ । वैशाखबाट नयाँ शैक्षिक सत्र सुरु हुने भएकाले पनि चैतभित्र परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गरिसक्नुपर्ने बाध्यता विद्यालयहरुलाई छ ।

हरेक वर्ष फागुनदेखि विद्यालय तहमा परीक्षाको तयारी तिब्र हुने गर्दछ । विद्यालय तहका विद्यार्थी, अभिभावक, शिक्षक र विद्यालयहरुका लागि फागुनदेखि परीक्षाको चटारो हुने गर्दछ । यस वर्ष चैत ३ गते शुक्रबारबाट विद्यालय तहको वार्षिक परीक्षा सुरु भएको छ । जिल्लाको राक्सिराङ गाउँपालिकामा शुक्रबारबाटै वार्षिक परीक्षा सुरु भएको हो । मकवानपुरगढी र कैलाश गाउँपालिकामा आइतबारदेखि परीक्षा सुरु भएको छ । हेटौंडा उपमहानगरपालिका, मनहरी, भीमफेदी र थाहा नगरपालिकामा भने भोलि मंगलबारदेखि वार्षिक परीक्षा सुरु हुनेछ । बकैया र इन्द्रसरोवर गाउँपालिकामा बुधबारदेखि वार्षिक परीक्षा सुरु हुनेछ भने बागमती गाउँपालिकामा बिहीबार देखि विद्यालय तहको वार्षिक परीक्षा सुरु हुनेछ । विद्यालय तहको वार्षिक परीक्षा सकिएपछि चैत १८ गतेबाट राष्ट्रियस्तरको एसईई परीक्षा सुरु हुनेछ । कक्षा १२ को अन्तिममा लिइने एसएलसी परीक्षा भने आगामी वैशाख २६ गतेदेखि सञ्चालन हुने निश्चित भएको छ । राष्ट्रियस्तरमा लिइने कक्षा १२ को परीक्षालगतै कक्षा ११ को वार्षिक परीक्षा पनि सञ्चालन हुनेछ ।

प्रायः सबै वर्षहरुमा विद्यालय तहको कक्षा १२ सम्मको वार्षिक परीक्षा चैत र बैशाखमा हुने गर्दछ । पछिल्लो तीन वर्ष भने कोभिड–१९ का कारण विद्यालय तहका परीक्षाहरु समयमा हुन सकेनन् । कोभिडका कारण २०७६ र २०७७ सालको वार्षिक परीक्षा प्रभावित भयो । ती दुई वर्ष विद्यालयहरुमा सबै विषयको वार्षिक परीक्षा सञ्चालन हुन सकेनन् । विद्यालयहरुले लिएको त्रैमासिक परीक्षाहरुकै आधारमा विद्यार्थीको नतिजा प्रकाशन गरियो र अधिकांश विद्यार्थी परीक्षा नै नदिई माथिल्लो कक्षामा पुगे । यसले विद्यालय तहको अहिलेको विद्यार्थीको शैक्षिक स्तरमा निकै गिरावट आएको छ । दुई वर्षसम्म पर्याप्त पठनपाठन र वार्षिक परीक्षाबिना नै उत्तीर्ण भएका विद्यार्थीको सिकाई उपलब्धी कमजोर देखिएको छ । कोभिडका कारण परीक्षाको अन्यौलता भएपछि विद्यार्थीले पढाइमा पर्याप्त ध्यान दिएको पाइएन । यसको असर अझै केही वर्षसम्म विद्यालय तहमा देखिने निश्चित छ ।

विद्यालय तहको कक्षा ९ सम्मको परीक्षामा अधिकांश पालिकाले एकरुपता ल्याउने प्रयास गरेका छन् । पालिका आफैं वा पालिकामा रहेको शैक्षिक समन्वय समितिले परीक्षा मिति र प्रश्नपत्रमा एकरुपता ल्याउने प्रयत्न गरेको छ । यसले परीक्षाको नतिजा विश्लेषण र विद्यार्थीको सिकाई स्तर मापनमा निकै सहयोग पुग्नेछ । तर, परीक्षालाई अधिकांश विद्यार्थीले बोझको रुपमा लिने र केही विद्यार्थीले साह्रै सहजरुपमा लिने परिपाटीले शैक्षिक गुणस्तर कायम गर्न समस्या भइरहेको छ । विद्यार्थीले निश्चित अवधिभित्र कुनै कक्षामा पढेका र सिकेका कुराहरुलाई प्रश्नको आधारमा उत्तरपुस्तिकामा लेख्ने कार्य हाम्रो विद्यमान परीक्षा प्रणाली हो । परीक्षामा सोधिएका प्रश्नको लिखित उत्तर दिएर पास हुनैपर्ने बाध्यताले परीक्षाप्रति विद्यार्थीमा डरसमेत उत्पन्न हुने गरेको छ । परीक्षालाई विद्यार्थीले आफ्नो शैक्षिक स्तर मापन गर्ने र माथिल्लो कक्षामा प्रवेश पाउने माध्यमको रुपमा नबुझेसम्म परीक्षाप्रति विद्यार्थीको डर कायमै रहन्छ । परीक्षालाई सामान्यरुपमा लिएर निडरताका साथ आफूले जानेका उत्तर लेख्नेतर्फ विद्यार्थीको ध्यान जानु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : शिक्षा दीक्षा सोचे अनुरुप नै हुने समय छ ।
**वृष** : प्रतिस्पर्धा र प्रतियोगिताका काममा सरिक भइनेछ ।
**मिथुन** : कला सम्बद्ध विषयमा रुचि जाग्ने समय छ ।
**कर्कट** : पढाइमा परिश्रम अनुसार प्रतिफल प्राप्त हुनेछ ।
**सिंह** : पढाई–लेखाईमा बढी परिश्रम गर्नुपर्ने समय ।
**कन्या** : अध्ययन–अध्यापनका काममा मन जाला ।
**तुला** : व्यापार–व्यवसायका क्षेत्रहरु मध्यमकारक रहलान् ।
**वृश्चिक** : मिहिनेत र परिश्रमले काममा सफलता मिल्ला ।
**धनु** : सामाजिक दायित्व थपिने समयको योग रहेको छ ।
**मकर** : शिक्षादीक्षाका क्षेत्रमा द्विविधा बढ्ने योग छ ।
**कुम्भ** : सामाजिक दायित्व बढ्ने र सामाजिक चर्चा होला ।
**मीन** : शारीरिक अवस्था र चोटपटकको भय बढ्ने छ ।

# हानिकारक हुनसक्छ ऋणीलाई मात्र खेद्ने अभ्यास



✍डा. जगन कार्की

बंगलादेशका सामाजिक उद्यमी मोहम्मद युनुसले ग्रामीण बैंकको स्थापना गरेर सन् १९८३ मा विकास गरेको अवाधरणा लघुवित्तले पूँजीपतिलाई मात्र पोस्ने अभ्यासलाई क्रमभंग गर्न सफल भयो । यसबाट गरिब तथा विपन्नलाई पनि ऋण प्रवाह गरेर वित्तीय समवेशिताको दायरा फराकिलो हुने आशा र भरोसा राखियो ।

युनुसले सन् १९७६ मा बाँसको ढकिया बनाउने करिब ४२ जना महिलाहरूलाई आफ्नो खल्तीबाट २७ डलर ऋण दिएर सुरु गरेको अभियानले ती महिलाहरूलाई मनग्ये आयआर्जन गरेर ऋण तिर्न सक्ने बनायो। उनीहरूलाई आफ्नो आर्थिक अवस्था सुधार गर्न मद्दत गरेपछि लघुवित्तको अवाधरणाले विश्वास जित्न थाल्यो ।

दिगो आर्थिक विकासको अवधारणालाई बहस र नीतिगत विकासको मुद्दा बनाएको संयुक्त राष्ट्रसंघ र सरोकारवालाहरु पनि लघुवित्तको अवधारणाबाट आकर्षित बने । यसको विकास र विस्तार विश्वभर बढाएर लगियो। युनुसले लघुवित्तको अवधारणा विकास गरेकोमा सन् २००६ मा अर्थशास्त्रतर्फ नोबेल पुरस्कार नै प्राप्त गरे ।

लघुवित्तको उद्देश्य नै निम्न आयस्तर भएका, प्रमुख वित्तीय संघ-संस्थाहरुले विश्वास नगरेका सानातिना उद्यम व्यवसाय गर्नेहरूलाई सहयोग गरेर तिनको जीवनस्तर उकास्नु हो न कि तिनीहरूलाई उठीवास लगाएर सेयर होल्डरहरूलाई कमाउने भाँडोको रूपमा प्रयोग हुनु ।

ऋण लिनु समस्याको एउटा अल्पकालीन समाधान हो, सँगसँगै जोखिम उठाउनु पनि हो । यसर्थमा ऋण लिने काम समस्याको समाधान भन्दा कारण बन्न सक्ने सम्भावना बढी हुन्छ। विशेष गरेर आर्थिक मन्दी, सरकारको नीति नियमन गर्ने संघसंस्थाहरू र ऋण दिने संस्थाहरूको लापरबाही र वित्तीय साक्षरताको अभावमा लिने या दिने ऋण नै समस्याका प्रमुख कारक रहेको विभिन्न खोज र अनुसन्धानहरूले देखाएका छन् ।

सहज प्राप्त हुने ऋण नै समाजमा घट्ने अधिकांश हत्या, आत्महत्या र मानसिक रोगको प्रमुख स्रोतको रूपमा रहेको खोजहरूले देखाएका छन् । अझ नेपाल जस्तो अधिकांश गरिब जनता बस्ने ग्रामीण परिवेशमा यो प्रमुख रहेको देखिन्छ ।

### अन्तर्राष्ट्रिय अनुभव

कुनै पनि देशको आर्थिक, सामाजिक र राजनीतिक परिवेश अनुसार लघुवित्तका सफलता र असफलताका कथा पाइन्छन् । कुनै देशको एउटा परिवेशमा ठ्याक्क सफल भएको मोडेल अर्को देश र अर्को परिवेशमा उपयुक्त नहुनु या केही परिमार्जन आवश्यक हुनु स्वाभाविक हो ।

श्रीलंका, बंगलादेशलगायत देशहरूमा पनि लघुवित्तको समस्या देखिएका थिए । हिजोआज नेपालमा देखिएका घटना जस्तै ठ्याक्कै श्रीलंकामा पनि देखिएको थियो । त्यहाँ सन् २०१८ ताका च्याउ झैं उम्रिएका बढी लघुवित्तको अनियमितताले गर्दा आत्महत्या, मानसिक तनाव र सामाजिक समस्या नै निम्तिएर पीडितहरूको आन्दोलन नै चलेको थियो ।

लघुवित्तको जननी बंगलादेशमा पनि यस्ता समस्या देखिएर सरकारले हस्तक्षेप गरेर अनियमितताको अनुगमन गरी नीतिगत तहमा सुधार, ब्याजदरको अधिकतम सीमा तोक्नेदेखि सहुलियत ऋण प्रदान गर्ने लगायत विविध अभ्यास अन्तर्राष्ट्रिय रूपमा देखिएका छन् ।

बंगलादेशले २०१८ ताका समुद्री आँधीबाट पीडित लघुवित्तका ऋणीहरूलाई ऋण मिनाहा गर्नेदेखि कोरोनाकालको ब्याज मिनाहा हुँदै अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गर्दै सहुलियत ऋण दिने जस्ता गतिविधिले हरेक संकटलाई पार गर्दै अघि बढेको छ ।

युगान्डामा गरिएको लघुवित्त सम्बन्धी एउटा अध्ययनले आधिकारिक रूपमा दर्ता भएको संस्थाबाट ऋण लिनेहरूले तत्पश्चात् तिर्ने समस्या नभएको देखियो। अर्थात् सरकारको नियमनमा चलेका लघुवित्तबाट ऋण लिनेहरूले दुःख नपाएको देखियो । अफ्रिकी देशहरूमा पनि प्रशस्त अनियमितताका घटना सुनिएकै छन्। लघुवित्त गरिबलाई कमाउने साधन भन्दा गरिबबाट कमाउने साधनको रूपमा विकास हुँदै गएकोले विकृति पनि बढेर गएका हुन् ।

हाल नेपालमा देखिए जस्तै समस्या भारत र श्रीलंकामा पनि देखापरेका थिए । ऋणीहरूलाई खराब अवस्थाबाट बाहिर निकाल्न सहुलियत ऋण दिएर र अन्तर्राष्ट्रिय दातृ राष्ट्रको सहायता लिएर सहुलियत प्रदान गरिएका उदाहरण प्रशस्त छन् । नेपालमा परिस्थितिवश ऋण तिर्न नसकेर आत्महत्या या बेघर भए पनि सरकारदेखि समाजसम्म मिलेर पेल्ने चलन छ ।

ऋण खाएपछि अपवाद बाहेक सबैलाई तिर्ने नै सोच हुन्छ तर सबैको परिस्थिति भनेजस्तो हुँदैन । भविष्यमा सोचेका योजना पूरा नभएर ऋण तिर्न नसक्ने परिस्थितिमा मर्नु नै पर्ने बाध्यताहरू कहालीलाग्दो र विडम्बनापूर्ण अवस्था हो ।

### नेपालमा लघुवित्तको आतंक

विना धितो सजिलै ऋण दिने र ब्याजलाई पनि सावाँमा जोड्दै सावाँभन्दा बढी ब्याज पुर्याउने लघुवित्त संस्थाहरूका कारण देशभर हजारौं मान्छे बर्बाद भएर घरवारविहीन भइरहेका समाचार आइरहेका छन् ।

देशैभरि च्याउसरी खुलेका लघुवित्त नामका संस्थाहरूलाई तत्काल नियन्त्रण गर्ने भूमिकामा रहेको राष्ट्र बैंक झारा टार्ने शैलीमा काम गरिरहेको छ । करिब ६० लाख गरिबहरूले ऋण लिएको लघुवित्त ७७ जिल्लामा फैलिएको राष्ट्र बैंककै आँकडाले भन्छ ।

लघुवित्तले लिने सेवा शुल्कमा राष्ट्र बैंकले सीमा तोकिदिएको भए पनि यसले घुमाउरो बाटोबाट धेरै असुली रहेको छ । यसका लागि संस्थाहरूले थोरै समयको लागि, जस्तै १ महिना या ३ महिनाको लागि कर्जा प्रवाह गर्ने, पुरानो कर्जाको भुक्तानी अवधि सकिनुअघि नै आफैं थप ऋण दिएर भुक्तानी गर्न लगाउने र नयाँ कर्जा प्रवाह भएको देखाउने गरेको देखिएको छ । लघुवित्त वित्तीय संस्थाले विना धितो एकै व्यक्तिलाई ७ लाख र धितोमा १५ लाख रुपैयाँभन्दा बढी ऋण दिन नपाइने नियम छ ।

सो क्षेत्रमा भएका अन्य लघुवित्त र वित्तीय संस्था सबै गरेर एउटा ऋणीलाई तोकिएको भन्दा बढी कर्जा दिन नपाउने आशय हो । यस विपरीत राष्ट्र बैंकले २०७५ सालमा गरेको सर्वेक्षणले लघुवित्तका सदस्य रहेका परिवारमध्ये ७० प्रतिशतले एकभन्दा बढी संस्थाबाट ऋण लिएको देखाएको छ। लघुवित्तले नियामक निकायको निर्देशन विपरीत आवास निर्माण, मोबाइल खरिद जस्ता अनुत्पादक क्षेत्रमा ऋण प्रवाह गरेकोले भुक्तानीमा समस्या बढेको जानकारहरू बताउने गर्छन् ।

हाल नेपालमा एक व्यक्तिले १३ संस्थाबाट ऋण लिएको देखिएको छ । यस्तो अभ्यासले ऋणीहरूको उठीवासका घटना बाहिरिन थालेपछि मात्र राष्ट्र बैंकले एक व्यक्तिले एउटा भन्दा धेरै लघुवित्तबाट ऋण लिन नपाउने व्यवस्था गरेको देखिएको छ ।

लघुवित्त सिद्धान्ततः उत्तम भए पनि अभ्यासकर्ताहरूको गलत कार्यशैलीले अहिलेको समस्या निम्त्याएको सरोकार वालाहरू बताउने गर्छन् ।

गरिब ऋणीहरूले ऋणमार्फत अत्यधिक फाइदा लिनका लागि लघुवित्तको आर्थिक सहयोग उपयोगी साधन भएतापनि यो साधनलाई सदुपयोग गर्न असमर्थ र वित्तीय साक्षरता नभएकाहरूका लागि भने ऋण नै पासो बन्ने गरेका अधिक घटना छन् । यसर्थ ऋण प्रदान गर्ने मात्र हैन सदुपयोग गर्न तालिम, सहयोग र सुपरीवेक्षणको पनि आवश्यकता देखिन्छ । लघुवित्तको मुख्य कर्तव्य र सिद्धान्त पनि यही हो ।

सजिलै ऋण प्राप्त गर्ने प्रक्रियाले पनि अनावश्यक रूपमा गरिब र विपन्नहरू ऋणको जालमा फस्ने गरेका घटना कैयौं अध्ययनले देखाएका छन् । लघुवित्तहरूको अस्वस्थ प्रतिस्पर्धाले सजिलै ऋण दिने र मुनाफा स्वरूप ब्याज खाइहाल्ने प्रवृत्ति बढेसँगै ऋण दिने, खाने र पीडित बन्ने क्रम ह्वात्तै बढेको छ ।

### गैरजिम्मेवार राष्ट्र बैंक

लघुवित्तले ऋण दिने १ लाख ऋणीको हातमा पुग्दा सेवा शुल्क, कर्जा शुल्क र पहिलो किस्ता काटेर ८५ हजार रुपैयाँ मात्र पुग्ने रहेछ। सेवाशुल्क बापत जथाभावी उठाएको डेढ अर्ब रूपैयाँ ग्राहकलाई फिर्ता गर्न राष्ट्र बैंकले दिएको निर्देशन पालन गरेको पाइएको छैन ।

१५ प्रतिशत भन्दा ब्याज उठाउन नपाउने नीति लागू गर्ने हालै मात्र राष्ट्र बैंक र लघुवित्त कम्पनी आफैंले पनि स्वीकारिसकेको अनियमितताका लागि केही नीति परिवर्तन गरिनु पक्कै सकारात्मक हो तर यसअघि भएका कमजोरी मार्फत मारमा परेका ग्राहकलाई जसरी पनि ऋण तिर नत्र मर्न तयार बन भन्ने खालको परिपाटी भने पटक्कै व्यावहारिक र जिम्मेवार देखिन्न ।

लघुवित्त नियमन गर्न चुकेको राष्ट्र बैंकले गरेको हालका केही नीतिगत परिवर्तन र लघुवित्तहरूको फोहोरी प्रतिस्पर्धाले गर्दा विना मापदण्ड छरिएका ऋणले देखापरेका समस्यालाई समाधान गर्ने पहलकदम लिने सरकारको पनि जिम्मेवारी हुन आउँछ। जनता गाउँ छोडेर भाग्न बाध्य हुने, आगो लगाउनेदेखि आत्महत्याको बाटो रोज्न थाल्नु भनेको अन्तिम अवस्था हो ।

यो समस्याको समयमै उपचार नखोजे कुनै पनि बेला विस्फोट हुनसक्ने देखिन्छ । नेपालमा सहुलियत दिने त कहाँ हो कहाँ ऋण खाएपछि तिर्नुपर्छ भनेर बैंक मालिकको भाषा बोल्ने राष्ट्र बैंकका हाकिम र मौन सरकारी निकाय, राजनीतिक दलहरूको कमजोरीले गर्दा आजित जनतालाई दुर्गा प्रसाईंले सडक आन्दोलनमा उतार्न सफल भएका छन् ।

### सरकारले तत्काल गर्नुपर्ने दायित्व

विश्वका विभिन्न देशले कोरोनाकालमा ऋणी, साना व्यवसायहरूलाई त्राण दिन अर्थतन्त्र, रोजगारलाई बचाउन आर्थिक सहुलियत दिए । ब्याजमा सहुलियत, किस्ता तिर्न समय थप, नसक्ने सानातिना विपन्न ऋणीलाई मिनाहा गर्ने काम गरे ।

नेपालमा ठूला ऋणीले सहुलियत पाए पनि लघुवित्तका साना ऋणीले कुनै सहुलियत पाएनन् बरु त्रास, धम्की, लिलामी र तनाव मात्र पाए । कोरोना र मन्दीमा भएका सबै व्यवसायले घाटा बेहोर्दा बैंक र लघुवित्तले मात्र कमाउनुपर्ने कहाँको सामाजिक दायित्व हो ? भनेर सरोकारवालाले प्रश्न उठाउने गरेका छन् ।

कानुनी र लोककल्याणकारी राज्यको पहिलो शर्त हो जनताको पीरमर्का र हितलाई प्राथमिकता दिनु । हरेक नयाँ कानुन र विधिलाई परिचय गर्दा पुरानो नीति र व्यवहारले परेको असरलाई न्यूनीकरण गर्न र हदैसम्मको हर्जना र सहायता दिने चलन हुन्छ ।

लघुवित्तले गरेका गल्ती-कमजोरी र राज्यका नियामक निकायले गरेका कमजोरीबाट लाखौं निमुखा, सोझा, अशिक्षित जनता आज लघुवित्तको ऋणको जालोबाट जीवनभर निस्कन नसक्ने अवस्थामा फसेको अवस्थामा यो संकटबाट त्राण दिने काम सरकारको हो । हालको यो अवस्था आउनुमा सरकार, लघुवित्त आफैं, आर्थिक मन्दी, कोरोनाकालमा परेको असर हाल आएर खराबीको रूपमा प्रस्फुटित हुनु लगायत धेरै कारण जिम्मेवार छन् ।

बैंक तथा वित्तीय संस्थाको ऋण तिर्दिनँ भनेर आज कोही मूर्खले पनि भन्दैन होला तर ऋण तिर्नको लागि रोजगारी, आम्दानी बढाउने काममा लगाउने जिम्मा सरकारको हो। खराब ऋणीले तिर्न नसक्ने भएँ भनेर वित्तीय संस्थासँग घोषणा गर्दा उसको जायजेथा सिरीखुरी लिने प्रचलन पनि अत्याचारपूर्ण छ ।

अन्तर्राष्ट्रिय प्रचलनमा ऋण तिर्न सकिन भनेर हात उठाएर बैंकरप्ट घोषणा गरेका हरेक घरलाई उसको परिवार र लालाबाला बस्ने घर र उसलाई दैनिक खान पुग्ने स्रोत छोडेर मात्र लिलामी गर्ने प्रचलन छ । तर नेपालमा या त आत्महत्या या त सडकमा गएर कमण्डलु नै लिनुपर्ने विकल्प बाँकी रहने गरी काम गरिन्छ । यो त पुरानो सामन्ती अर्थव्यवस्थामा ऋण नतिर्नेलाई मृत्युदण्ड दिने अभ्यासभन्दा कम देखिन्न ।

बैंकहरूले सम्पत्ति मनमौजी लिलामी गरेर ऋण उठाउन छोडिदिएर नै वित्तीय संस्थाहरूको अत्याचार बढेको हो । खराब ऋण बापत वित्तीय संस्थाले कमाउने अकुत मुनाफाबाट छुट्याउने चलन हुन्छ ।

बैंक नाफा गर्ने मालदार व्यवसाय मात्र हैन, घाटा पनि सहने र आफ्ना ग्राहकलाई अति नै दुःख परेको बेला सहयोगी भूमिकामा देखिनुपर्छ । यो अभिभाराबाट नेपालका वित्तीय संस्था चुकेका छन् । यसर्थ सरकारको हस्तक्षेप र नीतिगत व्यवस्थापन अपरिहार्य देखिएको अवस्था छ । यसै सिलसिलामा सरकारले निम्न कामहरू तत्काल गर्नुपर्ने देखिएको छः

१. लघुवित्त पीडितहरूको यथार्थ थाहा पाउन विवरण संकलन गर्ने, पीडितहरूसँग कुराकानी गरेर समाधानको उपायका लागि सहजीकरण गर्ने ।

२. ऋण दिने वित्तीय संस्थाहरूको अडिट गरेर नीति-नियम र व्यवहारमा देखिएका बाधाहरूको पहिचान गर्ने ।

३. लघुवित्तका अनियमिततालाई रोक्न राष्ट्रिय नीति र कानुन तर्जुमा गर्ने । अनियमितता गर्ने कम्पनीहरूलाई तत्काल कारबाही गर्ने ।

४. लघुवित्त पीडितहरूलाई समाजमा पुनर्स्थापना गर्न स्वरोजगार र कृषि उद्यमका कार्यक्रमहरू तर्जुमा गर्ने ।

५. ऋण तिर्न असमर्थहरूको सवालमा बनेको कानुनको परिमार्जन गरेर ऋण तिर्न सकिन परिस्थितिले सबै बिग्रियो भन्नेहरूलाई उसको जायजेथाबाट ऋण असुल गर्ने तर उ बेघरबार भएपछि राज्यले उसलाई बस्न-खान बन्दोबस्त गर्नुपर्ने नियम मात्र थपिदिए खराब ऋण देशको पनि दायित्व हो भनेर वित्तीय संस्था र राज्य सबैलाई जिम्मेवारी बोध हुनेछ र एकोहोरो ऋणीलाई मात्र खेद्ने प्रचलन हानिकारक सावित हुनसक्छ ।

६. लघुवित्तको ऋण लिन सरकारले तोकेका केन्द्रबाट अनिवार्य वित्तीय शिक्षा र ऋण सदुपयोग गर्न उपयुक्त व्यवसायबारे अनिवार्य तालिम लिनुपर्ने शर्त राख्ने ।

(नेपालमा वित्तीय समावेशिता विषयमा विद्यावारिधि गरेका लेखक हाल बेलायतमा अध्यापनरत छन्/स्रोतः अनलाईनखबर))

# किन किताब पढ्ने भनेर शिक्षकले विद्यार्थीलाई बुझाउन सक्नुपर्छ

केही समययता पठन संस्कृतिको विकासमा नागरिकस्तर मा विभिन्न अभियान सञ्चालन भइरहेका छन् । गत वर्षदेखि पुस्तकालय अभियान समूहले समुदायमा आधारित पुस्तकालय स्थापनाको अभियान नै सञ्चालन गरेको छ । विद्यालयमा पनि पठन संस्कृतिको विकासका लागि चासो देखिएको छ । पठन संस्कृतिकै लागि विद्यालयमा पुस्तक प्रदर्शनी तथा बिक्री अभियान सञ्चालन भइरहेको छ । हालै किताब घर समेत सञ्चालनमा ल्याउनुभएका साहित्यकार छवि अनित्यसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले पठन संस्कृति र पुस्तक अभियानको विषयमा गर्नुभएको कुराकानी:



**छवि अनित्य**
**साहित्यकार**

**अहिलेसम्म तपाईले ९ वटा विद्यालयमा पुस्तक प्रदर्शनी गरिसक्दा कस्तो अनुभव रह्यो ?**

**छवि**: बालबालिकाका लागि अत्यावश्यक वस्तु पुस्तक पनि हो । हेटौंडाको सन्दर्भमा म आफै पनि अभिभावक भएको हिसाबले मेरो बालबालिकाको क्षमता अभिवृद्धिका लागि पुस्तक खोज्दै गर्दा यहाँको बजारमा पाठ्यक्रम बाहेकका अन्य पुस्तकहरु मैले पाउन सकिन । बेला-बखत काठमाडौं जानेबेलामा पुस्तकहरु किनेर ल्याउथें र छोराछोरीलाई उपलब्ध गराउथें । पछिल्लो समयमा म शिक्षण पेशाबाट अलग भइसकेपछि फुर्सदिलो समयमा मेरो जस्तै अरु अभिभावकको समस्यालाई मध्यनजर गरेर मैले यो अभियान थालनी गरेको हुँ । सांग्रीला किताब प्रकाशक गृह र सम्पूर्ण पुस्तक वितरकको महत्वपूर्ण सहयोगमा मैले पछिल्लो समयमा केही स्थानका विद्यालयहरुमा पुस्तक प्रदर्शनी गर्ने अवसर मिल्यो । पुस्तक प्रदर्शनी गर्दैगर्दा विद्यार्थीहरुसँग नजिक रहेर बुझ्दा पाठ्यक्रम बाहेकका नजिकको घुलमिल हुन सक्ने चीज भनेको मोबाइल नै रहेछ । घरमा अभिभावकले मोबाइल सजिलै उपलब्ध गराइदिने तर पाठ्यक्रमबाहेकका पुस्तक उपलब्ध नगराइदिने भएकाले विद्यार्थीहरुले बढी समय मोबाइल मै व्यतित गरेको थाहा पाएँ । मेरो अनुभवअनुसार बालबालिकाहरु अल्छी गरेर नपढेको नभई अवसर नपाएर नपढ्ने रहेछ ।

**पुस्तक प्रदर्शन गर्दै गर्दा विद्यार्थीहरुको आकर्षण र अभिभावकको चासो कस्तो पाउनुभयो ?**

**छवि**: एउटा विद्यालयमा भएको पुस्तक प्रदर्शनीमा एकैदिनमा तीन सयभन्दा बढी पुस्तक बिक्री भएको छ । यसलाई हेर्दा विद्यार्थीको पुस्तकप्रतिको आकर्षण धेरै देखिन्छ । किताब देखिसकेपछि बालबालिकाको पढ्नुपर्छ भन्ने मानसिकता रहेको थाहा पाएँ । हामीले नै हाम्रा बालबालिकालाई किताब चिनाउन नसकेको महसुस पनि गरे ।

**बालबालिकाले विद्यालयको पाठ्यक्रमको किताब पनि पढेर नसकिरहेको भन्ने अवस्थामा अतिरिक्त किताबहरु पढ्न कसरी सम्भव होला ?**

**छवि**: अहिलेको सन्दर्भमा पाठ्यपुस्तक मात्र पढ्ने विद्यार्थीहरुले भन्दा पाठ्यपुस्तक र बाहेकका पुस्तकहरु पढ्ने विद्यार्थीहरुले सजिलै समय व्यवस्थापन गरिरहेको देखिन्छ । यसरी हेर्दा बालबालिकालाई समय नपुगेर भन्दा पनि समय व्यवस्थापन गर्न नसकेको देखिन्छ । यसका लागि अभिभावकले थोरै मात्र सहजीकरण गरिदिनुभयो भने बालबालिकाले समय व्यवस्थापन गरी पाठ्यपुस्तक बाहेकका किताबहरु पनि पढ्छन् ।

**पढ्ने बानीको विकास नहुनुको कारण के पाउनुभयो ?**

**छवि**: पढ्ने बानीको विकास हुन नसक्नुको प्रमुख कारण भनेको औपचारिक शिक्षा तथा पाठ्यपुस्तक बाहेक अरु पुस्तक पढ्नुहुँदैन भन्ने मानसिकता हो । अभिभावकले यो बुझाइमा परिवर्तन गराई प्रत्येक हप्तामा १/२ वटा पुस्तक उपलब्ध गराइदिएमा पढ्ने बानीको विकास हुनुका साथै सजिलै अक्षरहरु चिन्न सक्ने पनि देखिन्छ ।

**यो विषयलाई लिएर विद्यालयमा शिक्षकहरुको बुझाई कस्तो पाउनुभयो ?**

**छवि**: हेटौंडाको सन्दर्भमा अहिले केही शिक्षकहरुले पढ्ने बानीको विकास गर्नुभएको छ । केही शिक्षकहरु आफै केही समय अगाडिदेखि पुस्तकालय अभियानमा पनि लागीरहनु भएको छ । विभिन्न साहित्यिक संघ, संस्थाहरुले पनि त्यसै अनुसारको कार्यक्रमहरु गर्दै आएका छन् । तर समग्र नेपालमा हेर्ने हो भने विशेषगरी शिक्षण र पत्रकारिता पेशामा लागेका व्यक्तिहरुको अध्ययन गर्ने बानी एकदमै कम देखिन्छ । बाहिरबाट हेर्दा शिक्षक र पत्रकारहरु सबैभन्दा धेरै पढेको जस्तो देखे तापनि वास्तविकतामा भने त्यो पाइँदैन । शिक्षकहरुले चाहिँ यत्तिका बर्ष पढेर, पास गरेर शिक्षक बनिसकेपछि अब किन पढ्ने ? भन्ने धारणाले नपढिरहेको पाएँ भने पत्रकारहरु चाहिँ सबै कार्यक्रमहरुमा पुगेकै हुन्छ, सबैले बोलेको सुनेकै हुन्छ, किताबमा पनि त्यही कुरा त आउने होनि किन पढ्ने ? भन्ने मानसिकताले नपढिरहेको पाएँ ।

**विद्यार्थीहरुलाई पुस्तकप्रति आकर्षित गर्न शिक्षकहरुले के के गर्नुपर्ला ?**

**छवि**: विद्यालय तहमा रहँदा विद्यार्थीहरुको मेरो स्तर के हो, मेरो क्षमता कस्तो छ, मेरा लागि कस्ता किताब उपयुक्त हुन्छ भन्ने कुराहरुको निर्णय गरी त्यो अनुसारको किताब छनौट गर्न सक्ने निर्णय क्षमतामा विकास भइसकेको हुँदैन । त्यसकारण शिक्षकहरुले यो कुरामा विद्यार्थीहरुलाई सहजीकरण गर्न आवश्यक छ । त्यसैगरी शिक्षकहरुले आफ्नो विद्यालयको पुस्तकालयमा विद्यार्थीको रुचि, प्रकृति र आवश्यकताका आधारमा पुस्तक उपलब्ध गराउन सक्नुपर्छ । उपलब्ध पुस्तकहरुमध्ये विद्यार्थीको उमेर, प्रकृति र रुचिको आधारमा सही पुस्तक छनौटमा सहजीकरण गरिदिनुपर्छ । अर्को कुरा किताब किन पढ्ने र त्यो किताब पढेर के के सिक्ने भन्ने कुरा विद्यार्थीहरुलाई शिक्षकले बुझाउन सक्नुपर्छ ।

# छावाको न्वारन, नाम राखियो विजयगज

चितवन: चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन् केन्द्र खोरसोरमा शल्यक्रिया गरेर जन्माइएको हात्तीको छावाको आइतबार न्वारन गरिएको छ । हिन्दु संस्कार अनुसार पण्डित बोलाएर शुद्ध गरी हात्तीको छावाको नाम विजयगज राखिएको छ । २५ वर्षको गण्डकीकली हात्तीले गत फागुन २४ गते बुधबार छावा जन्माउन नसकेपछि नेपालमा नै पहिलोपटक हात्तीको शल्यक्रिया गरेर पेटबाट बच्चा निकालिएको थियो । जन्मिदा झण्डै झण्डै मुटुको धड्कन शून्य जस्तै भएको विजयगजलाई कृत्तिम श्वास दिएर चिकित्सकहरुले टोलीले बचाएको थियो ।

हात्तीको १२ औं दिनको दिनमा न्वारन गर्ने चलन रहेको हात्ती प्रजनन् केन्द्र खोरसोरका नायव सुब्बा मनपुरन चौधरीले जानकारी दिए । कठिन अवस्थामा रहेको हात्तीलाई डा. विजय श्रेष्ठ नेतृत्वको टिमले शल्यक्रिया गरेर सफलतापूर्वक छावा निकालेको हुनाले छावाको नाम विजयगज राखिएको उनले बताए । गण्डकीकली निकुञ्जमै रहेकी ५० वर्षीया प्रेरणाकलीकी छोरी हो । गण्डकीकलीको पहिलो बेतको बच्चा पनि मरेकोको थियो । उसको यो दोस्रो बेतको छावा हो ।

निकुञ्जका चिकित्सक डा. विजय श्रेष्ठको टोलीले माउ र बच्चा दुबैको ज्यान खतरा देखेपछि शल्यक्रिया गरेको थियो । गण्डकीकलीको पछाडिको भाग करिब एक फिट चिरेर पेटभित्रको बच्चा निकालेको थियो । अहिले बच्चा र आमा दुवै स्वस्थ छन् । हात्तीले छावालाई दूध भने दिएको छैन । अर्को हात्तीको दूध चुसाउने प्रयास भएपछि छावाले नै दूध खान जानेको छैन ।

हात्ती प्रजनन् केन्द्रका नासु मनपुरन भन्छन्, 'हामीले अर्को ६ महिना अगाडि सुत्केरी भएको हात्तीको दूध खुवाउन खोजेका छौं, छावाले चुस्नै जान्दैन, उसको माउले खान पनि दिएको छैन ।' अहिले छावालाई १ लिटर तातो पानीमा १ सय ग्राम पाउण्डर दूध घोलेर २२ घण्टामा दिने गरिएको उनले जानकारी दिए । हात्तीको शल्यक्रिया गरिएको घाउ पनि निको हुँदै आएको छ । हात्ती केही दुब्लाएको त छ तर विस्तारै खान थालेको महतोले जानकारी दिए । 'थोरै थोरै खान्छ तर सबै कुरा खान थालेको छ' महतो भन्छन्, 'उसको घाउ दिनका दिन ड्रेसिङ्ग गर्ने गरेका छौं ।'

प्रजनन् केन्द्रमा १ वर्षका ६ वटा, साढे ३ वर्षका ४ वटा छावा छन् । २०८० सालमा सुत्केरी हुने ३ र २०८१ मा सुत्केरी हुने ९ वटा हात्ती रहेको प्रजनन् केन्द्रका नासु मनिपुरन महतोले जानकारी दिए । ढोईले गर्भवती भएको २२ देखि २४ महिनामा बच्चा जन्माउँछ । खोरसोरमा ढोईहरू जंगली हात्ती रोनाल्डो, ध्रुवे, गोविन्देसँगको संसर्गबाट गर्भवती हुने गरेका छन् । स्रोत: अनलाइनखबर ।

# दुई महिने ढाका बुनाई तालिम सुरु




समाज संवाददाता

हेटौंडा: दिगो आय आर्जनमा महिलालाई जोड्नका लागि हेटौंडामा २ महिने ढाका बुनाई तालिम सुरु भएको छ । मुख्य बजार क्षेत्रमा रहेको हेटौंडा १० को वडा कार्यालयमा "सीप सिकौं, स्वरोजगार बनौं" भन्ने नाराका साथ सुरु भएको तालिमको हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले आइतबार उद्घाटन गर्नुभयो ।

तालिमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख लामाले घरमै बसेर रोजगारीको अवसर सिर्जना गर्न तालिमले मद्दत पुग्ने बताउनुभयो । तालिम प्रमाणपत्र लिनका लागि मात्र नभई दिगो आयआर्जनमा जोडिनका लागि भएको भन्दै सीपलाई सदुपयोग गर्न सुझाव दिनुभयो । घरेलु तथा साना उद्योग कार्यालयको आयोजनामा भएको तालिममा १० जनाले प्रशिक्षण लिने छन् । कार्यालयका प्रमुख टिका शर्माको अध्यक्षतामा भएको तालिमको उद्घाटन कार्यक्रममा हेटौंडा १० का वडा अध्यक्ष फुर्वा दोर्जे लामा, सदस्यहरु इश्वर मैनाली, गोमा सुनार, तालिमका प्रशिक्षकहरु बेली रानामगर, दुर्गा दुर्गा लुंगेलीको आतिथ्य रहेको थियो ।

# बालअधिकार संरक्षण नीतिबारे अभिमुखीकरण

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाको बालअधिकार संरक्षण नीतिबारे अभिमुखीकरण कार्यक्रम भएको छ । राडो नेपाल र हेटौंडा उपमहानगरपालिकाले आयोजनामा हेटौंडा उपमहानगरपालिकाले पारित गरेको बालअधिकार संरक्षण नीति २०७९ बारे अभिमुखीकरण कार्यक्रम भएको हो ।

कार्यक्रममा दिगो विकासका लागि वडावडामा बाल अधिकार समिति गठन गर्दै अघि बढ्नुपर्ने हेटौंडा उपमहानगर पालिकाको महिला तथा बालबालिका महाशाखाकाकी प्रमुख बिष्णु कुमारी लामिछानेको भनाइ थियो । बालबालिका सहजकर्ता, सम्पर्कव्यक्ति, होटल व्यवसायी, बाल अधिकारीकर्मी र विद्यार्थीको समेत कार्यक्रममा उपस्थिति थियो ।

बालबालिकाको अधिकार संरक्षणमा बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयनमा आएपछि स्थानीय तहहरुले संरक्षण नीति कार्यान्वयन गर्दै आइरहेको बताइएको छ । बाल संरक्षणको सवाल, कारण, चुनौती र संस्थागत प्रयासहरु बारेमा कार्यक्रममा छलफल गरिएको थियो । त्यस्तै उपमहानगरपालिकास्तरीय एकीकृत बाल संरक्षण संयन्त्रको बारे पनि चर्चा गरिएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका लगायतको सार्वजनिक संघ, संस्था, व्यावसायिक कारोबार गर्ने संघ र फर्म, अभिभावक, बालबालिका, विद्यालयलगायतका आचारसंहिताको विषयमा जानकारी दिइएको थियो ।

नेपाल सरकार
गृह मन्त्रालय
बढुवा समितिको सचिवालय
जिल्ला प्रशासन कार्यालय, मकवानपुर

**बढुवा पदपूर्ति सम्बन्धि सूचना**

*प्रथम पटक प्रकाशित मिति २०७९/१२/६ गते*

मालपोत कार्यालय शिखरकोट, मकवानपुरमा रिक्त रहेको प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं.प्रथम श्रेणी, नायब सुब्बा पद संख्या-१ (एक) मा लोक सेवा आयोग, काठमाडौं कार्यालय (प्रशासन तथा निरीक्षण शाखा) अनामनगर, काठमाडौंको प.सं.२०७९/०८०, च.नं. ५०९, मिति २०७९/०९/२६ गतेको पत्रबाट प्रतिशत निर्धारण भई मिति २०७९/०९/२७ मा गोरखापत्रमा प्रकाशित कार्य क्षमताको मूल्यांकनद्वारा हुने बढुवाको सूचना नं.२८६/०७९-८० अनुसार कार्य क्षमताको मूल्यांकनद्वारा हुने बढुवाको पदपूर्तिका लागि मिति २०७९/१२/०५ गते बसेको बढुवा समितिको निर्णयानुसार कार्य क्षमताको मूल्याकंनद्वारा शतप्रतिशत अंक प्राप्त गर्ने देहायका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय गरिएको हुँदा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) दफा २४ को (च), दफा २४ घ १ क. १ को देहाय (क) र (ख) एवं २ को देहाय (क) र (ख) बमोजिम तथा निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को नियम ८४ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय:-

| योग्यताक्रम नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नामथर | हाल कार्यरत कार्यालय | बढुवा सिफारिस भई जाने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | १९२४६१ | लक्ष्मी घिमिरे | मालपोत कार्यालय मकवानपुर, हेटौंडा । | मालपोत कार्यालय शिखरकोट, मकवानपुर | |

**श्री जनप्रिय माध्यामिक विद्यालय**
**(प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**

**शक्षक आवश्यकता**

*(सूचना प्रकाशित मिति : २०७९/१२/६ गते)*

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुरमा विद्यालय व्यवस्थापन समितिको मिति २०७९/११/२७ गते बसेको बैठकको निर्णय अनुसार मा.वि.गणित शिक्षक एक (१) जना, (निजी स्रोत) मा पदपुर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा तपसिल बमोजिमको आधारमा दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आह्वान गरिएको छ । तलब सुविधा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार दिईनेछ ।

**तपसिल**:
**विज्ञापन नं. १०/७९-८०**
पद: मा.वि.गणित शिक्षक, (निजी श्रोत)
सेवा: करार
संख्या: १ (एक)
शैक्षिक योग्यता: मुख्य विषय गणित लिई B.ed. वा सो सरह उत्तीर्ण गरेको । अनुभवी तथा अध्यापन अनुमति पत्र समेत भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
उमेर: २१ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति: २०७९/१२/२० गते, फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट सम्म दरखास्त बुझाउन सकिनेछ ।
सम्पर्क मिति: २०७९/१२/२१ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू**:
एसएलसी देखि माथिका सबै कक्षा उत्तीर्ण लब्धाकं पत्र एवं चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु २/२ प्रति,
नेपाली नागरीकताको प्रतिलिपी २ प्रति र पासपोर्ट साईजको फोटो २ प्रति ।
साथै दरखास्त फारमसंगै परीक्षा दस्तुर रु. १,५००/- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक भौचर संलग्न राखी बुझाउनुपर्नेछ ।

**सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५**
**शिक्षक छनौट समिति-२०७९**
**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**

**श्री गोरक्षनाथ माध्यमिक विद्यालय**
**हेटौंडा-१८, फुर्केचौर**

**शिक्षक आवश्यकता**

*(प्रथम सूचना पटक प्रकाशित मिति: २०७९/१२/६ गते)*

शिक्षा विकास तथा समन्वय इकाईको मिति २०७९/१२/०५ गते, च. नं. ९०८ को अनुमति एवम् विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/०५ गतेको निर्णयअनुसार तपसील बमोजिमको शिक्षक आवश्यक भएकोले योग्यता पुगेका इच्छुक व्यक्तिले यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दिन हुन जानकारी गराइन्छ ।

पद: राहत शिक्षक
तह: निमावि
विषय: गणित
शैक्षिक योग्यता: गणित विषयमा दश जोड दुई तह उत्तीर्ण ।
वाञ्छनीय योग्यता: कक्षा ९ र १० को अनिवार्य र ऐच्छिक गणित पढाउन सक्ने ।
दस्तुर: २,०००/-
करार सुचिमा नाम हुनेले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।
आवेदन दिने अन्तिम मिति: २०७९/१२/२० गते
सम्पर्क मिति: २०७९/१२/२१ गते
सम्पर्क: ९८४५२८७३९८, ९८५११४२६४८

# मकवानपुरका विद्यालयमा धमाधम वार्षिक परीक्षा

जमुना थिङ

हेटौंडाः मकवानपुर जिल्लाको राक्सिराङ, मकवानपुरगढी र कैलाश गाउँपालिकाका विद्यालयहरुमा वार्षिक परीक्षा सुरु भएको छ । राक्सिराङ गाउँपालिकामा गत शुक्रबारदेखि परीक्षा सुरु भएको हो ।

आइतबारदेखि मकवानपुरगढी र कैलाश गाउँपालिकामा पनि वार्षिक परीक्षा सुरु भएको छ । हेटौंडा उपमहानगरपालिका, मनहरी, भीमफेदी र थाहा नगरपालिकामा मंगलबारदेखि वार्षिक परीक्षा सुरु हुनेछ । बकैया र इन्द्रसरोवर गाउँपालिकामा बुधबारदेखि वार्षिक परीक्षा सुरु हुनेछ भने बागमती गाउँपालिकामा बिहीबारदेखि विद्यालय तहको वार्षिक परीक्षा सुरु हुनेछ ।

चैत ३ गतेदेखि सुरु भएको विद्यालय तहको वार्षिक परीक्षा ११ गतेसम्म सञ्चालन हुने राक्सिराङ गाउँपालिकाले जनाएको छ । मकवानपुरगढी र कैलाश गाउँपालिकामा आइतबारदेखि सुरु भएको विद्यालय तहको वार्षिक परीक्षा चैत १३ गतेसम्म सञ्चालन हुनेछ ।

मकवानपुरगढी गाउँपालिकाको शिक्षा शाखा प्रमुख रामबहादुर घलानले पालिकाभित्र ३८ वटा विद्यालयमा ६ हजार ७४ जना विद्यार्थी अध्ययनरत् रहेको जानकारी दिनुभयो । उहाँले आधारभूत तह (कक्षा–८) को पनि सोही मितिमा पालिकाले परीक्षा सुरु गर्ने बताउनुभयो । कक्षा ८ मा १६ वटा विद्यालयबाट ३ सय ५४ जना विद्यार्थीले परीक्षा दिने उहाँले जानकारी दिनुभयो । कोरोना महामारीका बेला खस्किएको शैक्षिक अवस्थालाई सुधारउन्मुख बनाउने प्रयास पालिकाले गरिरहेको उहाँको भनाइ छ ।

कैलाश गाउँपालिकामा ४९ वटा विद्यालय रहेको कैलाशका शिक्षा शाखा अधिकृत सूर्यबहादुर थिङले जानकारी दिनुभयो । कैलाशमा ६ हजार २ सय विद्यार्थी रहेको उहाँले बताउनुभयो । आधारभूत तह (कक्षा–८) को वार्षिक परीक्षामा एक सय ५४ जना छात्रा र एक सय ९६ जना छात्रा सहभागी हुने उहाँले बताउनुभयो । उहाँले प्रथम त्रैमासिक र अर्धवार्षिक परीक्षाको नतिजाको आधारमा औसत नतिजा आउने बताउनुभयो ।

नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाले उपमहानगरभित्रका ४४ वटा विद्यालयमा एकैसाथ वार्षिक परीक्षा सञ्चालन गर्दैछ । कक्षा ४ देखि ७ सम्म र ९ कक्षाको परीक्षा समितिले मंगलबारबाट सञ्चालन गर्दैछ । परीक्षामा ५ हजार ७ सय विद्यार्थी सहभागी हुने नगरस्तरीय शैक्षिक समन्वय समिति मकवानपुरका अध्यक्ष सागर खतिवडाले जानकारी दिनुभयो । परीक्षा १४ गतेसम्म सञ्चालन हुनेछ ।

समितिले वार्षिक परीक्षाको प्रश्नपत्र र उत्तरपुस्तिका उपलब्ध गराउने अध्यक्ष खतिवडाले जानकारी दिनुभयो । परीक्षाको उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन भने सम्बन्धित विद्यालयले नै गर्ने उहाँले बताउनुभयो । विद्यालय तहको कक्षा–३ सम्मका परीक्षा विद्यालयले आन्तरिकरुपमा लिने भएकाले विद्यालयले नै प्रश्नपत्र तयार पारेको अध्यक्ष खतिवडाको भनाई छ ।

हेटौंडा–२ स्थित सिद्वार्थ माध्यमिक विद्यालयका शिक्षकसमेत रहनुभएका खतिवडाले एक वर्षको शिक्षण सिकाईको मूल्यांकनमा एकरुपता ल्याउन समितिले गरेको कार्यलाई सकारात्मकरुपमा लिइएको बताउनुभयो । 'विगत २ वर्ष कोरोना महामारीका कारण नियमित पठनपाठन हुन सकेको थिएन', खतिवडाले भन्नुभयो– 'घरमा बसिरहेका बालबालिकालाई असहज परिस्थितिका बीचमा नियमित विद्यालय आउने वातावरण निर्माण गर्न समितिले सहजीकरण गरेको थियो ।' हेटौंडा उपमहानगरपालिकामा ७५ वटा सामुदायिक विद्यालय रहेका छन् ।

यसैगरी मनहरी गाउँपालिकाका श्रोत शिक्षक पूर्णभद्र भुषालले १५ गतेसम्म वार्षिक परीक्षा सञ्चालन हुने बताउनुभयो । उहाँले कक्षा–५ का विद्यार्थीको लागि १०० पूर्णाङ्कको उपलब्धि परीक्षाअन्तर्गत् १५ गते परीक्षा लिइनेसमेत बताउनुभयो । जसमा २७ वटा विद्यालयका ८ सय ७९ जना विद्यार्थी सहभागी हुने उहाँले जानकारी दिनुभयो । परीक्षाका लागि १० वटा परीक्षा केन्द्रसमेत तोकिएको उहाँको भनाई छ ।

भीमफेदी गाउँपालिकामा ४५ वटा विद्यालय रहेको र ४ हजारभन्दा बढी विद्यार्थी रहेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीले जानकारी दिनुभयो । पालिकाले शिक्षामा पहुँचको सुनिश्चितताका लागि भूमिका खेलिरहेको उहाँले बताउनुभयो ।

थाहा नगरपालिकाको शिक्षा शाखाका शिक्षा अधिकृत देवेन्द्र कार्कीका अनुसार मंगलबारदेखि विद्यालय तहको वार्षिक परीक्षा सञ्चालन हुँदैछ । आधारभूत तह (कक्षा–८) को वार्षिक परीक्षामा ६ सय ६४ जना विद्यार्थी सहभागी हुने उहाँको भनाई छ । २४ वटा विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

बकैया गाउँपालिकाका शिक्षक चन्द्रप्रसाद देवकोटाले १६ गतेसम्म सञ्चालन हुने वार्षिक परीक्षामा ७६ वटा विद्यालयका ११ हजार ५० जना विद्यार्थी सहभागी हुने बताउनुभयो । आधारभूत तह (कक्षा–८) को वार्षिक परीक्षामा २२ वटा विद्यालयका ७ सय ७२ जना विद्यार्थी सहभागी हुने उहाँले बताउनुभयो ।

इन्द्रसरोवर गाउँपालिकाका शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले १७ गतेसम्म सञ्चालन हुने वार्षिक परीक्षामा २१ वटा विद्यालयका २ हजार ७ सय विद्यार्थी सहभागी हुने जानकारी दिनुभयो । आधारभूत तह (कक्षा–८) को वार्षिक परीक्षामा ७ वटा विद्यालयका २ सय ५ जना विद्यार्थी सहभागी हुने उहाँले बताउनुभयो ।

बागमती गाउँपालिकामा पनि १७ गतेसम्म सञ्चालन हुने वार्षिक परीक्षामा ५० वटा विद्यालयमा एकैसाथ परीक्षा हुने शिक्षक प्रमोदकुमार राईले जानकारी दिनुभयो । उहाँले ढिला पढाइ सुरु भएको र धेरै सार्वजनिक बिदा परेकाले सोचेजस्तो शिक्षण सिकाइ उपलब्धीमूलक हुन नसकेको बताउनुभयो । आगामी शैक्षिक सत्रमा शैक्षिक सुधारका लागि विद्यालयले विशेष प्रयत्न गर्ने दावी उहाँले गर्नुभयो ।

मकवानपुरका १० वटै पालिकाले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन परीक्षामा एकरुपता ल्याउने प्रयास गरिरहेको छ । सोहीअनुरुप सबै पालिकाले पालिकाभित्र रहेका विद्यालयमा एकैसाथ विद्यालय तहको वार्षिक परीक्षा सञ्चालन गरेको र गर्ने तयारी भएको छ । कक्षा–९ सम्मका पालिकास्तरीय शैक्षिक समन्वय समितिले परीक्षा लिएको छ भने कक्षा–८ को पालिकाले लिनेछ र पालिकाले नै नतिजा प्रकाशन गर्नेछ । यस्तै, एसईई परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिनेछ ।

# सिन्धुलीमा एकजना पुरुषको मृत्यु

समाज संवाददाता

सिन्धुली जिल्लाको दुधौली नगरपालिका–३, कालापानीमा एकजना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा दुधौली नगरपालिका–२, भलुवाही बस्ने ४८ वर्षीय कमल दनुवार रहेको प्रहरीले जानकारी दिएको छ ।

दनुवार शनिबार बिहान १० बजेर ३० मिनेटको समयमा खेतमा छटपटाइरहेको अवस्थामा फेला परेका थिए । उनलाई उद्दार गरी उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र सिर्थौली लगिएकोमा उपचारको क्रममा ११ बजेर ५६ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । बाहिरी चोटपटक नदेखिएको घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# हेटौंडा औद्योगिक क्षेत्रमा कार्यरत क्षेत्रीको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा–८ स्थित हेटौंडा औद्योगिक क्षेत्रमा कार्यरत एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा औद्योगिक क्षेत्रभित्र रहेको पोलिमर कम्पनीमा सेकुरिटी गार्डको काम गर्ने ५५ वर्षीय बाबुराम पण्डित क्षेत्री रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार साँझ ६ बजेर ४५ मिनेटको समयमा क्षेत्री अचानक बेहोस भएका थिए । बेहोस क्षेत्रीलाई उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा उपचारको क्रममा ७ बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# साफ च्याम्पियनसिप भारतमा

काठमाडौंः दक्षिण एसियाको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता साफ च्याम्पियनसिप २०२३ को मिति घोषणा भएको छ । साफ च्याम्पियनसिप आगामी जुन २१ देखि भारतको दक्षिणी राज्य कर्नाटकको बेंगलुरुमा हुनेछ ।

प्रतियोगिता आयोजनाको जिम्मा पाएको भारतीय फुटबल महासंघका अध्यक्ष कल्यान चाउबेले आइतबार मिति घोषणा गर्दै साफ च्याम्पियनसिप जुन २१ देखि जुलाई ३ सम्म हुने घोषणा गरेका हुन् । च्याम्पियनसिपका खेलहरु श्री कान्तिभरा स्टेडियमा हुनेछ ।

गत महिना दक्षिण एसियाली फुटबल महासंघ साफको कार्यकारी समितिको बैठकले साफ च्याम्पियनसिप भारतमा गर्ने निर्णय गरे पनि मिति र स्थान टुङ्गो लागेको थिएन । साफ च्याम्पियनसिप २०२३ मा दक्षिण एसियाका सबै टिमले सहभागिता जनाउने अपेक्षा छ । तर श्रीलंका फुटबललाई भने हाल फिफाले निलम्बन गरेको छ । भारतीय फुटबल महासंघका अनुसार सहभागी टिमलाई दुई समूहमा विभाजन गरिने र दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन् ।

च्याम्पियनसिपको ड्रका लागि छिटै मिति घोषणा गरिने पनि महासंघले जनाएको छ । यसअघि १३औं संस्करणको साफ २०२१ मा माल्दिभ्समा भएको थियो । जहाँ नेपालले पहिलो पटक फाइनल पुग्दै इतिहास बनाएको थियो । तर उपाधि भिडन्तमा भारतसँग पराजित भएको थियो । नेपालले अहिलेसम्म साफ च्याम्पियनसिप जित्न सकेको छैन । भारतले सर्वाधिक ८ पटक उपाधि जितेको छ । स्रोतः अनलाइनखबर ।

## अन्तरपालिका फुटबल प्रतियोगिता

# हेटौंडा र थाहा विजयी



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको मकवानपुर जिल्लास्तरीय अन्तरपालिका फुटबल प्रतियोगिताअन्तर्गत् आइतबार भएको खेलमा साविक विजेता थाहा नगरपालिका र साविक उपविजेता हेटौंडा उपमहानगरपालिका विजयी भएको छ । हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रंगशालामा भएको खेलमा थाहाले राक्सिराङ गाउँपालिकालाई र हेटौंडाले बकैया गाउँपालिकालाई हराउँदै विजयी सुरुवात गरेको हो ।

आइतबार भएको पहिलो खेलमा थाहाले राक्सिराङलाई ३–० गोलअन्तरले हराएको छ । थाहाका सन्दीप श्रेष्ठले खेलको ५१ औं मिनेटमा गोल गरेर टिमलाई अग्रता दिलाए । राजन गोलेले खेलको ५४ र ७२ औं मिनेटमा दुई गोल गरेर थाहाको जित सुनिश्चित गरेका थिए । थाहाले अब सेमिफाइनल प्रवेशका लागि मंगलबार बामगती गाउँपालिकासँग खेल्नेछ ।

यस्तै, दोस्रो खेलमा हेटौंडाले बकैया गाउँपालिकालाई २–० गोलअन्तरले हराउँदै विजयी सुरुवात गरेको हो । खेलको ३३ औं मिनेटमा हेटौंडाले एक गोल आत्मघाति उपहार पाएको हो भने दोस्रो हाफको १८ औं मिनेटमा रितेश श्रेष्ठले एक गोल गरेका थिए । हेटौंडाले सेमिफाइनलमा ८ गते मनहरी र भीमफेदीबीचको विजेतासँग खेल्नेछ । हेटौंडाले सेमिफाइनलमा स्थान बनाएको छ ।

प्रतियोगिताअन्तर्गत् सोमबार मकवानपुरगढी गाउँपालिका र इन्द्रसरोवर गाउँपालिकाबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो २ बजे सुरु हुनेछ । प्रतियोगिताको फाइनल खेल चैत ११ गते हुनेछ । प्रतियोगिताको विजेताले २ लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले एकलाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

# विद्यालयमा योग शिक्षा

समाज संवाददाता

हेटौंडाः हेटौंडा–११, नवलपुरस्थित त्रिभुवन माविमा योग शिक्षा कार्यक्रम भएको छ । जिल्ला आयुर्वेद कार्यालयको आयोजनामा आइतबार त्रिभुवन माविमा योग शिक्षा कार्यक्रम भएको जिल्ला आयुर्वेद कार्यालयको व्यवस्थापन समितिका अध्यक्ष मधु क्षेत्रीले जानकारी दिनुभयो ।

योग शिक्षामा कक्षा ८ का ६० विद्यार्थीको सहभागिता रहेको थियो । डा. ज्योति कुमार शाही र वैद्य ऋषिराज बरालले योग शिक्षा प्रदान गर्नुभएको हो ।

# प्रदेशस्तरीय सहकारी दिवस मनाउन समिति

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा ६६ औं राष्ट्रिय सहकारी दिवस २०७९ मनाउन एक हजार एक सदस्यीय प्रदेशस्तरीय मूल समारोह समिति गठन गरिएको छ । आइतबार हेटौंडामा सम्पन्न सहकारी संघ संस्थाहरुको भेलाले बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटाको संयोजकत्वमा एक हजार एक सदस्यीय मूल समारोह समिति गठन गरेको हो ।

सहकारी दिवस मनाउनका लागि मूल समारोह समितिको प्रमुख सल्लाहकारमा बागमती प्रदेश पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका सचिव गोबिन्द रिजाल, सल्लाहकारमा बागमती प्रदेश सहकारी महाशाखाका सहकारी रजिष्टार नारायण प्रसाद ज्ञवाली रहनेगरी गठन भएको समितिको सह-संयोजकमा बागमती प्रदेश सहकारी संघ लिमिटेडका अध्यक्ष रामशरण घिमिरे र सदस्य-सचिवमा बागमती प्रदेश पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, सहकारी माहाशाखाका अधिकृत रोहित पोखरेल रहेका छन् ।

मूल समारोह समितिका सदस्यहरुमा राष्ट्रिय सहकारी माहासंघ, राष्ट्रिय सहकारी बैंक, केन्द्रिय विषयगत सहकारी संघका बागमती प्रदेश भित्रका सञ्चालक र लेखा समितिका सदस्यहरु, बागमती प्रदेश सहकारी संघ लिमिटेडका अध्यक्ष, सम्पूर्ण सञ्चालकहरु, लेखा समिति सदस्यहरु, बागमती प्रदेशका बिषयगत सहकारी संघ लिमिटेडका अध्यक्ष र सम्पूर्ण सञ्चालकहरु एवम् बागमती प्रदेशको १२ वटै जिल्लाका जिल्ला सहकारी संघका अध्यक्ष, संचालक, लेखा समिति सदस्यहरु र पूर्व अध्यक्षहरु, बागमती प्रदेशको १३ वटै जिल्लाका विषयगत सहकारी संघका अध्यक्ष, सबै सञ्चालक, लेखा समिति सदस्य तथा व्यवस्थापकहरु, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखा, नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडा मूल कार्यक्रममा सहभागी हुने मकवानपुर जिल्लाका स्थानीय पालिका भित्रका प्रारम्भिक सहकारी संस्थाका अध्यक्षहरु, पालिकास्तरीय समन्वय समितिका संयोजकहरु रहने कार्यालय सचिव गोबिन्द दाहालले बताउनुभयो ।

भेलाले सहकारी दिवसको गतिबिधि र कार्यक्रमलाई व्यवस्थित बनाउन समन्वय गर्नका लागि सचिवालय समेत गठन गरेको छ । सचिवालयमा मूल आयोजक समिति संयोजक देवकोटा, सह-संयोजक बागमती प्रदेश सहकारी संघ लिमिटेडका अध्यक्ष रामशरण घिमिरे, सदस्य-सचिवमा प्रदेश सहकारी मन्त्रालयका अधिकृत रोहित पोखरेल रहनुभएको छ ।

६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा चैत्र महिनाभर प्रदेशभरका सहकारी संघ संस्थाहरुले विविध कार्यक्रमसहित मनाउने र चैत्र १८ गते बिहान हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम, १९ गते फलफूल वितरण, २० गते बिहान भुटनदेवी मावि हेटौंडाको चौरबाट प्रभातफेरी गरी प्रवचनसहित सभामा परिणत गरी साँझ दीपावली गरी समापन गरिने संयोजक नारायण प्रसाद देवकोटाले बताउनुभयो । यस बर्ष "सहकारीको दिगोपना, स्वनियमन र सुशासन" मूल नाराका साथ ६६ औं राष्ट्रिय सहकारी दिवस मनाउन लागिएको हो । नेपालको पहिलो सहकारी चितवनको बखान ऋण सहकारी स्थापना भएको दिन हरेक बर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस विविध कार्यक्रमसहित मनाउँदै आइरहेको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक
मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ
0५७-५२६५८७

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।
केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा–२, नगरपालिकारोड
०५७–५२४६९४/९८४३०२८६३५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ